**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ अक्टुबर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

१. प्रधानमंत्री नरेन्द्र मोदीले मन की बात कार्यक्रममा देशका मानिसहरूसित साइबर सुरक्षा साथै डिजिटल एरेष्ट का घटनाहरूदेखि सतर्क रहने आवहान गर्नु भयो।

२. केन्द्रिय गृहमंत्री अमितशाहले पश्चिम बंगालको टिएमसी सरकार भ्रष्टाचारमा लिप्त रहेको भन्दै २०२६ को विधानसभा चुनावमा ममता सरकारलाई उखेलेर फाल्ने आवहान राज्यका मानिसहयसित गर्नुभयो।

३. देशभरी आज देखि सतर्कता सचेतना सप्ताह शुरू हुन्दैछ।

४. ईरानले इजरायललाई गरेकोहालको हमलको जवाब दिन विचार गरिरहेका बताएको छ।

५. जापानमा भएको आम चुनावमा सत्तारूढ़ गठबन्धन पराजित भएको छ।

६. फिलिपिन्समा आएको समुन्द्री तुफानी ट्रामीले गर्दा मर्नेहरूको संख्या ९० पुगेको छ।

**<u>प्रधानमंत्री नरेन्द्र मोदीले</u>**

प्रधानमंत्री नरेन्द्र मोदीले हिजो आफ्नो मन की बात कार्यक्रमा देशवासीहरूलाई डिजिटल फ्राडहरू देखि सचेत गराउनु भयो। उहाँले भन्नु भयो – कतिपय ख्रड गर्नेहरूले स्वयंलाई सीबीआइ एनआए, इडी ,आयरक विभाग, पुलिसको अधिकारी बताउँदै मानिसहरूलाई ठग्ने काम गरि रहेका छन् मानिसहरू यस्ता ठगहरूसित सचेत रहनु पर्छ।

****** ० ******

**<u>अमित शाह ने कोलकाता</u>**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय मंत्री अमित शाहले हिजो कोलकाताको सॉल्ट लेक सिटी स्थित पूर्वी क्षेत्रीय सांस्कृतिक केन्द्र- ईजेडसीसीमा पार्टीको एक कार्यक्रमलाई संबोधित गर्दै भाजपाका कार्यकताहरू र नेताहरूसित पार्टीको सदस्यता बढाउने अपील गर्नु भयो। उहाँले पश्चिम बंगालका लागि एक करोड सदस्य बनाउने लक्ष्य निर्धारित गर्नु भयो।

अमित शाहले २०२६ को विधानसभा चुनावमा पश्चिम बंगालको टीएमसी सरकारलाई हटाउने आह्वान पनि मानिसहरूसित गर्नु भयो। उहाँले अझ भन्नु भयो यदि भाजपाले चुनावमा जीत हासिल गर्छ भने बांग्लादेश सीमा हुन्दै राज्यमा र देशमा हुने अवैध घुसपैठ अनि राज्यमा व्याप्त भ्रष्टाचारलाई समाप्त गरिनेछ।

श्री शाहले थप भन्नु भयो - संयुक्त प्रगतिशील गठबंधन युपिए सरकारको बेला पश्चिम बंगाल सरकारलाई मनरेगा योजना बमोजिम केवल १५ हजार करोड रूपियाँ प्रदान गरिएको थियो। तर प्रधानमंत्री नरेन्द्र मोदीको अगुवाईमा रहेको राष्ट्रीय जनतांत्रिक गठबंधन सरकारले राज्यलाई यस योजना बमोजिम अहिले सम्म ५४ हजार करोड रूपियाँ प्रदान गरि सकेकोछ। श्री शाहले भाजपा २०२६ मा राज्यको विधान सभा चुनाव जितेको खण्डमा आयुष्मान भारत सहित केन्द्रको कैयों योजनाहरूलाई पश्चिम बंगालमा लागू गरिने भन्नु भयो। उहाँले भन्नु भयो अहिलेको टीएमसी सरकारले केन्द्र सरकारका योजनाहरूलाई राज्यमा लागु गरेको छैन।

****** ० ******

**<u>सतर्कता सचेतना सप्ताह २०२४</u>**

सार्वजनिक जीवनमा इमान्दारिता प्रवर्द्धन गर्न र भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने उद्देश्यले भोलिदेखि देशभर सतर्कता सचेतना सप्ताह २०२४ मनाइँदैछ। सप्ताहको नारा 'राष्ट्रको समृद्धिका लागि इमान्दारिताको संस्कृति' रहेको छ। सुशासन र सार्वजनिक प्रशासनमा नैतिकता र पारदर्शिताको आवश्यकता बारे थप संवेदनशीलता सिर्जना गर्न यो मनाइन्छ। मन्त्रालयए विभागए सार्वजनिक संस्थानए बैंक तथा अन्य संस्थाका निजामती कर्मचारीले सपथ ग्रहण गरेपछि सप्ताह मनाइनेछ। भ्रष्टचार विरुद्ध जनचेतना जगाउन सप्ताहभर विभिन्न कार्यक्रम गरिने छ। प्रत्येक वर्ष भारत रत्न सरदार वल्लभभाई पटेलको जन्मदिनको सप्ताहमा सतर्कता जागरूकता सप्ताहको आयोजना गरिन्छ।

****** ० ******

**डिस्लेक्सिया जागरूकता**

राष्ट्रपति भवन, संसद, इन्डिया गेट र अन्य सरकारी कार्यालयहरूमा डिस्लेक्सियाबारे चेतना फैलाउन रातो बत्ती बालिएको छ। हरेक वर्ष अक्टोबरलाई अन्तर्राष्ट्रिय डिस्लेक्सिया जागरूकता महिनाको रूपमा मनाइन्छ। यस अभियानको उद्देश्य रोग बारे चेतना अभिवृद्धि गर्नेए रोगप्रतिको नकारात्मकता घटाउने र भेदभाव अन्त्य गर्ने हो। समावेशीकरणको सन्देशलाई प्रवर्द्धन गर्न विजय चोकदेखि इन्डिया गेटसम्म वाक फर डिस्लेक्सिया पनि आयोजना गरिएको थियो। यो पदयात्रा डिस्लेक्सियाको ऐनका लागि सामूहिक कार्यको प्रतीक हो, जसले सिकाइ असक्षमता भएका व्यक्तिहरूको लागि समान अवसर र समर्थनको आवश्यकतालाई जोड दिन्छ।

****** ० ******

**जम्मू-कश्मीर-गिरफ्तार**

केन्द्र शासित प्रदेश जम्मु अनि कश्मीर उपत्यकाको उत्तर कश्मीरको हन्दवारामा पुलिसले एक आतंकवादी सहयोगीलाई पक्राउ गरेर हतियार र गोला बारुद बरामद गरेको छ। एक विशेष सूचनाको आधारमा ए जम्मू अनि कश्मीर पुलिसले सेनाको २२ राष्ट्रिय राइफल्स अनि सीआरपीएफको ९२ बिएसग मिलेर नाकाबन्दी लगाएर आतंकवादीको सहयोगीलाई पक्राउ गर्यो।खोजीका क्रममा उनको साथबाट एक थान पेस्तोलए दुई थान म्यागजिनए १२ राउण्ड र एक मोबाइल फोन लगायतका हातहतियार बरामद भएको छ। उनि बिरुध हन्डवारा पुलिस स्टेशनमा कानूनको सम्बन्धित धारा अन्तर्गत मुद्दा दर्ता गरिएको छ।

****** ० ******

**भारत सांस्कृतिक विविधता - सऊदी अरब**

भारतको सांस्कृतिक विविधतालाई लिएर सऊदी अरबमा भारतीय दूतावासले एउटा भव्य 'प्रवासी परिचय' उत्सव पालन गर्यो जसमा भारतीय समुदायको सफलतापूर्वक एकजुटता प्रदर्शित गरियो। स्थानीय भारतीय संगठन तथा विदेश मंत्रालयको प्रवासी सहभागिता प्रभागको संयुक्त तत्वावधानमा आयोजित यस उत्सवमा प्रस्तुत विधित सांस्कृतिक कार्यक्रमहरूमा भारतका १४ राज्यका झण्डै ४५० भन्दा बढी कलाकारहरूला सहभागिता जनाए।

****** ० ******

**इजरायल-इरान द्वन्द्व**

इरानले इजरायलको हवाई हमलाको जवाफ दिनेबारे विचार गरिरहेको जनाएको छ। इरानले आज संयुक्त राष्ट्र सुरक्षा परिषद्को बैठक बोलाएको छ। इरानका राष्ट्रपति मसूद पेजेस्कियानले तेहरानले युद्ध नचाहेको तर इजरायली आक्रमणको "उचित" जवाफ दिने बताउनु भएको छ। संयुक्त राज्य अमेरिकाले मध्यपूर्वका प्रमुख सैन्य शक्तिहरू बीचको प्रतिकारात्मक आक्रमणको चक्रले ठूलो मात्रामा क्षेत्रीय युद्ध निम्त्याउन सक्ने चिन्ता व्यक्त गरेको छ।इजरायली आक्रमण लगत्तैए इरानले यसलाई महत्व नदिदै आक्रमणले सीमित क्षति पुऱ्याएको बताएको छ। यसैबीचए इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले हिजो एक भाषणमा भन्नुभयो कि वायुसेनाले इरानमा आक्रमण गरेको र इरानको रक्षा क्षमता अनि क्षेप्यास्त्र उत्पादन गर्ने क्षमतालाई प्रहार गरेको छ।

****** ० ******

**जापान निर्वाचन परिणाम**

जापानको सत्तारुढ गठबन्धनले हिजो राष्ट्रिय चुनावमा पराजय भएपछि संसदमा आफ्नो बहुमत गुमाएको

छए जसले अर्को सरकार र विश्वको चौथो ठूलो अर्थतन्त्रको गठनमा अनिश्चितता बढाएको छ। ४६५ सिटमध्ये २० बाहेक सबै सिट जित्नका लागिए प्रधानमन्त्री शिगेरु इसिबाको लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी), जसले जापानमा युद्धपछिको लगभग सम्पूर्ण इतिहासमा शासन गरेको छ, र गठबन्धन साझेदार कोमेटोले संसदको तल्लो सदनमा २०९ सिट जितेका छन्। सार्वजनिक प्रसारणकर्ता छभ्ज्ञ ले बताएको छ कि यो गठबन्धनको लागि सबैभन्दा खराब चुनावी परिणाम हो, जसले गत पटक २८६ भन्दा कम सिट जितेको थियोए यस अघि २००९ मा पनि गठबन्धनले केहि समयको लागि सत्ता गुमाउनु परेको थियो। प्रधानमन्त्री इसिबाले टिभी टोकियोलाई भन्नुभयो "यो चुनाव हाम्रा लागि धेरै कठिन भएको छद्यष यसपटकको चुनावमा सबैभन्दा ठूलो विजयी मुख्य विपक्षी कन्स्टिट्यूशनल डेमोक्रेटिक पार्टी अफ जापान–सीडीपीजे बनेको छ जसले १४३ सिट जितेको थियो। मतदाताहरूले इशिबाको पार्टीलाई कोष घोटाला र मुद्रास्फीतिको लागि सजाय दिएको अनुमान गरिएको छ।

****** ० ******

**अमरीका- कमला हैरिस**

अमरीकाको पूर्व राष्ट्रपति की पत्नी मिशेल ओबामा हिजो उपराष्ट्रपति कमला हैरिसको साथमा मिशिगनमा एक चुनावी सभामा शामेल भइन। मिशेल ओबामाले देशमा राष्ट्रपति चुनावमा कमला हैरिसलाई समर्थन दिएकी छन्। पूर्व अमरीकी राष्ट्रपति डोनाल्ड ट्रंप सित कड़ा मुक़ाबिला हुने सम्भावना बीचए कमला हैरिसको यस चुनावी अभियानको लक्ष्य मतदाताहरूलाई विशेष गरि ओबामाको पकड़ भएका उपनगरीय क्षेत्रहरूका मानिसहरूलाई पार्टीको पक्षमा एकजुट गर्नु रहेकोछ।

****** ० ******

**आकाशवाणी- साप्ताहिक कार्यक्रम पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागए आफ्नो द्विभाषी साप्ताहिक कार्यक्रम पब्लिक स्पीकमा आज राति साढ़े नौ बजे श्डेंगू को कारणए लक्षण र बचाव" बारे परिचर्चा प्रसारित गर्नेछ। यस परिचर्चामा दिल्लीको लेडी हार्डिंग मेडिकल कॉलेजका मेडिसिन विभागका प्रोफेसर डॉ. अनुपम प्रकाश उपस्थित रहनेछन्। यस कार्यक्रममा श्रोताहरूले श्डेंगू" रोग बारे विशेषज्ञहरूसित प्रश्न सोध्न सक्ने छन्।कार्यक्रमको बेला श्रोताहरूले टेलीफोन नंबर ०११. २३ ४२ १० ५० र ०११.२३ ३१ ४४ ४४ मा फोन गहरि विशेषज्ञहरूसित प्रश्न सोध्न सक्ने छन्। यस उपरान्त वाट्स ऐप नंबर ६२.८६.०६.४०.४४ मा पनि प्रश्न पठाउन सक्ने छन्। हैशटैग आस्कएआईआरको सामाजिक संजाल हैण्डल एक्समा पनि प्रश्न पोस्ट गर्न सकिन्छ।

****** ० ******

**फिलीपींस तूफान ट्रामी**

फिलीपींसमा आएको समुन्द्री तूफान ट्रामीले गर्दा मर्नेहरूको संख्या बढेर ६० पुगेकोछ। यस तूफानले गर्दा देशका कैयन भागहरूमा भीषण बाढी आएको छ अनि कैयन ठाउँहरूमा पैहिरो गएकोछ। त्याहाँका आपदा प्रबन्धन अधिकारीहरू अनुसार अढै पनि ३६ जना बेपता छन्। त्यहाँको राष्ट्रीय आपदा जोखिम न्यूनीकरण र प्रबंधन परिषद- एनडीआरआरएमसीले भनेको छ बेपता रहेको मानिसहरूको खोजी जारीछ। फिलीपींस तटरक्षक बलले दिएको खबर अनुसार आठ हजार भन्दा बढी मानिसहरू बंदरगाहहरूमा फंसेका छन्।यो ट्रामी नामक समुन्द्री तुफान यो वर्ष फिलीपींसमा आउने ११औं तूफान हो। यस तूफानले लूजोन द्वीपको बिकोल र कालाबारजोन क्षेत्रलाई धेरै प्रभावित बनाएकोछ जाहाँ ५७ लाख भन्दा बढी मानिसहरूलाई यसको असर परेकोछ।यस द्वीप समूहमा वर्ष नै औसतन २० वटा तूफान आउने गर्छ।

****** ० ******

**बांग्लादेश- डेंगू**

बांग्लादेशमा हिजो एक दिनमा डेंगूले गर्दा थप सात जनाको ज्यान गएकोछ। यसका साथै यो सिजनमा देशमा डेंगूले गर्दा मर्नेहरूको संख्या बढेर २७७ पुगेकोछ। हालै देशका कैयन अस्पतालहरूमा डेंगुले ग्रसित ३ हज़ार ६ सय ८४ रोगिहरूको उपचार चली रहेकोछ। १ जनवरी २०२४ देखि अहिले सम्म बंगलादेशमा डेंगूका ५६ हज़ार ६ सय ११ मामिलाहरू प्रकाशमा आएका छन्। गत वर्ष पनि बांग्लादेशमाए डेंगूले गर्दा १ हज़ार ७ सय ५ जनाको मृत्यु भएको थियो।

****** ० ******

**तोक्यो- पैरा बैडमिंटन**

तोक्योमा हिजो खेलिएको जापान पैरा बैडमिंटन अंतर्राष्ट्रीय टूर्नामेंटमा भारतका सुकांत कदमले पुरूष सिंगल्समा स्वर्ण पदक जीतेका छन्। कदमले दिनेश राजैयाका साथ पुरूष डबल्समा पनि रजत पदक हासिल गरे। पुरूष सिंगल्स फाइनलमा भारत कै तरूणलाई २१.१२ए २१.१० ले पराजित गरि कदमले यो खिताब जीते। पुरूष डबल्स फाइनलमा कदम र दिनेशको जोडीले अर्को भारतीय खेलाड़ीहरू उमेश विक्रम कुमार र सूर्यकांत यादवको जोडीलाई ५.२१ए २२.२०ए १६.२१ ले पराजित गरि रजत पदक जिते।

****** ० ******